निर्भिक, निष्पक्ष र पारदर्शी

# ब्लास्ट टाइम्स

मोफसलको पहिलो ठूलो आकारको रंगीन राष्ट्रिय दैनिक

BLAST TIMES NATIONAL DAILY

वर्ष १७ ★ अंक १३८ ★ पूर्णाङ्क ५८३५२ | २०६८ साल माघ २५ गते बुधवार ★ नेपाल सम्वत् ११३२ ★ 2012, 8 February Tuesday ★ www .blast .com .np ★ मूल्य रू.-३ ★ हङकङ डलर -$ 3

सूचना

साँस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाको रक्षा गरौ, राष्ट्रिय स्वाभिमानको रक्षा गरौ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

गोरखा डिपार्टमेन्ट स्टोरको बारेमा जानकारी

१. भूँइतलामा : खाद्यान्न तथा पेय पदार्थहरु
२. दोस्रो तलामा : कम्प्यूटर टि.भी. फ्रिज, डिजिटल क्यामेरा तथा सम्पूर्ण इलेक्ट्रिक आइटमहरु
३. तेस्रो तलामा : जुत्ता, चप्पल, लेडिज ब्याग तथा लगेज आइटमहरु
४. चौथो तलामा : साडी, कुर्ता सुरुवाल, सटिङ्, सुटिङ् तथा रेडिमेड कपडाहरु

नोट: २०० सिट क्षमताको सेमिनार हल पनि उपलब्ध छ ।

गोरखा डिपार्टमेन्टल स्टोर परिवार
धरान रोड, इटहरी, (फोन नं. ०२५-५८३२५४)

## '७ बुँदे नै अन्तिम सम्झौता'

धनकुटा(ब्लाष्ट) नेपाली कांग्रेसका सभापति सुशिल कोइरालाले नयाँ सरकार, शान्ति र संविधानका निम्ति दलहरुबीच पछिल्लो समय भएको ७ बुँदे सम्झौता नै नेपाली कांग्रेसको लागि अन्तिम भएको बताएका छन् ।

प्रेस युनियन धनकुटाले बुधबार यहाँ आयोजना गरेको पत्रकार भेटघाटमा सभापति कोइरालाले वर्तमान सरकारसँग गरिएका सम्झौता नै कार्यान्वयन नभएको अवस्थामा अब कांग्रेसको तर्फबाट कुनै पनि सम्झौता नहुने दावी गरे । मुलुक समावेशी संघीय लोकतन्त्रमा आएको अवस्थामा त्यसलाई उपयोग गर्न सबै पार्टीबीच सहमति आवश्यक रहेको उनले बताए । कोइरालाले यसरी नै द्वन्द्व भइरहेमा नेपाल बर्बाद अवस्थामा पुग्ने बताउँदै सरकारको नेतृत्व गरिरहेको माओवादीले आफ्नै निर्णय मात्र लागू गरेर मेरो गोरुको बाह्रै टक्का जस्तो व्यवहार गरिरहेको समेत आरोप लगाए ।

माओवादी नेतृत्वको वर्तमान सरकारका गतिविधिहरु हेर्दा संविधान निर्माणको काम पूरा हुन नसक्ने बताउँदै कोइरालाले यो सरकारलाई सबैले परित्याग गर्नुपर्ने बताए । शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याएर अबको सरकारको नेतृत्व नेपाली कांग्रेसले गर्ने उनको भनाइ थियो । उनले माओवादीले मुखले हदैसम्मको लचकता भन्ने तर व्यवहारमा केही लागू नगरेको समेत बताए ।

सभापति कोइराला कांग्रेस कार्यकर्ताहरुको भेलालाई सम्बोधन गर्न मंगलबार धनकुटा आएका थिए ।



## मञ्च फेरि टुक्रियो

दमक(ब्लाष्ट) संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च दोस्रोपटक टुक्रिएको छ । अध्यक्ष पदमा कुमार लिङ्देन र इन्द्रहाङ खम्बूले दावी गरेपछि भएको विवादका कारण मञ्च टुक्रिएको हो । यसअघि पनि मञ्च एकपटक टुक्रिएको थियो । संविधानसभाको निर्वाचनपछि सभासद्को विषयमा विवाद हुँदा लिङ्देन र लक्ष्मण थारुले मञ्चलाई टुक्र्याएका थिए ।

अहिले भने लिङ्देन र खम्बूले मञ्चको अध्यक्ष आफू भएको जिकिर गर्दै बहुमत पक्ष आफ्नै समूहमा रहेको दावी गर्दै आएका छन् । मञ्चको विवाद सँगसँगै मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद्का नेताहरु पनि दुई पक्षमा बाँडिएका छन् । लिङ्देनको पक्षमा मञ्चका महासचिव खगेन्द्र माखिमलगायत्का नेताहरु छन् भने खम्बूको पक्षमा परिषद्का महासचिव सूर्य माखिम, थरुहटका महासचिव सीएम थारुलगायत्का नेताहरु छन् । खम्बू पक्षका नेताहरुले मङ्गलबार दमकमा पत्रकार सम्मेलन नै गरेर आफूहरु मञ्चको संस्थापन पक्ष र आधिकारिक भएको दावी गरे । केही समयअघि निर्वाचन आयोगले लिङ्देन पक्ष मञ्चको आधिकारिक भएको निर्णय गरेको थियो । त्यसपछि खम्बू पक्षले सर्वोच्च अदालतमा हालेको मुद्दाको अन्तिम फैसला हुन बाँकी छ । खम्बू पक्षले मञ्चका २५ जना केन्द्रीय सदस्य आफ्नो पक्षमा रहेको दावी गरेको छ । उसले लिङ्देन पक्षसँग ९ जना लिम्बू सदस्यमात्र रहेको दावी गरेको छ ।

खम्बू पक्षका नेताहरुले लिङ्देनलाई मञ्चको अध्यक्ष मण्डल सदस्य तथा संघीय लिम्बुवान राज्य परिषद्को अध्यक्ष पदबाट निलम्बन गरेको घोषणा गरेका छन् । सम्मेलनमा खम्बूले 'मपाईंवादी' र 'स्वअस्तित्ववादी' प्रवृत्ति भएकै कारण लिङ्देनले थरुहट, तामाङसालिङ, खम्बुवानलगायत्लाई उपेक्षा गरेकाले उनलाई निलम्बन गरिएको बताए । त्यस्तै, मञ्चका महासचिव खगेन्द्र माखिमलाई समेत लिङ्देनका कारिन्दा भएर काम गरेको भन्दै निलम्बन गरेको जनाइएको छ । मञ्चका प्रवक्तामा संघीय लिम्बुवान राज्य परिषद्का महासचिव सूर्य माखिमलाई जिम्मेवारी दिइएको दावी पनि गरिएको छ । पत्रकार सम्मेलनमा थरुहट, खम्बुवान, तामाङसालिङलगायत्का परिषद्का नेताहरुको पनि उपस्थिति थियो तर मञ्चका प्रवक्ता घोषित माखिमले भने मञ्च नटुक्रिएको दावी गर्दै खम्बूले नेतृत्व गरेको मञ्च आधिकारिक भएको जिकिर गरे । उनले भने, 'त्यसैले कुमार लिङ्देन र खगेन्द्र माखिमलाई मञ्चको आधिकारिक बैठकले निलम्बन मात्र गरेको छ ।'

## सिडिओलाई बहिष्कार

धनकुटा(ब्लाष्ट) धनकुटाका पत्रकारहरुले प्रमुख जिल्ला अधिकारी खड्गबहादुर चापागाईंलाई मंगलबार जिल्ला विकास समितिको हलमा बहिष्कार गरेका छन् ।

जिविसको एकीकृत योजना तर्जुमा गोष्ठी-२०६८ मा सहभागी हुन पुगेका प्रजिअ चापागाईं प्रेसविरोधी भएको भन्दै स्थानीय पत्रकारहरुले बहिष्कार गरेका हुन् । प्रजिअ चापागाईं गोष्ठीमा आएपछि कार्यक्रममा सहभागी पत्रकारहरुको तर्फबाट पत्रकार महासंघका अध्यक्ष मोहन बान्तवाले बहिष्कारको विषयमा प्रष्ट पार्दै सञ्चारकर्मीहरुले जिविसको कार्यक्रम बहिस्कार गरेको नभइ प्रजिअको उपस्थिति बहिस्कार गरेको प्रष्ट्याएपछि हलबाट सबै सञ्चारकर्मी बाहिरिएका थिए ।

धनकुटा महोत्सव तथा पूर्वाञ्चल औद्योगिक प्रदर्शनीमा पत्रकारहरुलाई बन्धक बनाउन निर्देशन दिने प्रजिअ चापागाईंलाई स्थानीय पत्रकारहरुले बहिस्कार गर्दै आएका छन् । चापागाईंको निर्देशनमा माघ १५ गते धनकुटाको तल्लो टुँडिखेलमा तीन दर्जन पत्रकारलाई सुरक्षाकर्मीले ४ घण्टासम्म बन्धक बनाएका थिए । बन्धक बनाउन निर्देशन दिने प्रजिअले सार्वजनिक माफी माग्नु पर्ने माग

बाँकी अन्तिम पृष्ठमा

हिजोको सुनचाँदी भाउ
एकतोला ११.६६४ ग्राम
छापावाला सुन ५४,१००
तेजाबी सुन ५३,८००
असल चाँदी प्रतितोला रु. १०९०/-
न्यु घमला ज्वेलर्स
धरान-२, रत्नरोड, ०२५-५३२६११

## 'कुमारी आमा'द्वारा आत्महत्या

विराटनगर(ब्लाष्ट) समाजमा इज्जत जोगाउन अनेक प्रयत्न गर्दा पनि नसकेपछि २२ वर्षीया पुष्पा दाहालले मृत्युको बाटो रोजिन् । इज्जत जोगाउन कसैबाट पनि उचित परामर्श नपाएपछि उनी संसार छाड्ने विकल्प रोज्न बाध्य भएकी हुन् ।

विराटनगर-५ विमानस्थलनजिकै जामुनगाछी टोलमा सोमबार बिहान एउटा नवजात शिशु बेवारिसे अवस्थामा फेला पऱ्यो । कुनै 'कुमारी आमा' ले जन्माएर छाडेको अनुमान लगाउँदै गाउँलेले शिशुलाई प्रहरीको जिम्मा लगाए । प्रहरीले शिशुलाई कोशी अञ्चल अस्पतालमा लगिदियो । त्यसैबीच सन्तान नभएको एक दम्पत्तिले जिल्ला प्रशासन कार्यालयको सहमतिमा बेवारिसे शिशु पालनपोषणका लागि लग्यो ।

विराटनगरमा जीवित शिशु भेटिएको हल्ला फैलिएपछि एक व्यक्तिले शिशु जन्माएर फालेको भन्दै किटानी जाहेरी दिएका कारण प्रहरीले पुष्पालाई अपराह्न साढे ४ बजे जामुनगाछीबाट पक्राउ गऱ्यो । मोरङको बयरवन-२ की पुष्पा विराटनगरको गोल्डेन पार्क कलेजमा ल्याब असिस्टेन्टकी विद्यार्थी थिइन् । उनले गएको शुक्रबार राति कोशी अञ्चल अस्पतालको प्रसुती वार्डमा बच्चा पाएकी थिइन् । पुष्पाले इज्जतको डरले आफू सुत्केरी भएकोबारे कसैलाई जानकारी गराएकी थिइनन् । आइतबार अस्पतालबाट डिस्चार्ज भएकी पुष्पा डेरामा एक्लै पुगेको सोही घरमा डेरा गरी बस्ने मुगुका जयबहादुर भण्डारी बताए ।

किटानी जाहेरी परेपछि पक्राउ परेकी पुष्पालाई अपरिचित व्यक्तिको रोहबरमा सोमबार साँझ छाडियो । उनी साँझ साढे ७ बजे आफू डेरा गरी बस्ने राजेश विमलीको घरमा पुगिन् । पुष्पाले कमजोरी लुकाउँदै इज्जत बँचाउन खोजेकोतर्फ प्रहरीले ध्यान नदिँदा अन्ततः उनले सोमबार राति नै आत्महत्याको बाटो रोजिन् ।

इटहरीमा बसोबास गर्दै आएका घरधनी विमलीले पुष्पा पक्राउ परेपछि उनको कोठामा अर्को ताल्चा लगाइदिए । साँझ डेरामा फर्किएकी पुष्पाले सलको पासो लगाएर आत्महत्या गरेको प्रहरीले जनाएको छ । गाउँलेले भने प्रहरीले परामर्श नदिएको र कसैको जिम्मा नलगाई छाडेका कारण पुष्पाले आत्महत्या गरेको आरोप लगाएका छन् । गाउँलेको भीडले मङ्गलबार अबेरसम्म प्रहरीलाई शव निकाल्न दिएनन् । महिलाको मनोविज्ञान नबुझी प्रहरीले हेलचक्र्याइँ गरेकोले प्रहरीमाथि नै कारवाही हुनुपर्ने स्थानीय शिवप्रसाद पोखरेल बताउँछन् ।

मोरङ जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर तथा महिला सेल प्रमुख सुमा कार्कीले सुत्केरी र शारिरीक अवस्था कमजोर भएकोले पुष्पालाई सोधपुछपछि रोहबरमा

बाँकी अन्तिम पृष्ठमा

## बीच सडकमा गोली चल्यो

इटहरी(ब्लाष्ट) पूर्व-पश्चिम राजमार्गअन्तर्गत सुनसरीको इटहरी र पकलीबीचको सडकखण्डमा मंगलबार साँझ गोली चलेको छ ।

मोटरसाइकलमा आएको अपरिचित समूहले मोटरसाइकलमै सवार एक व्यक्तिलाई पेस्तोलबाट गोली हानेको प्रत्यक्षदर्शीले बताएका छन् । पकली इलाका प्रहरी कार्यालयले घटनाको पुष्टि गरे पनि गोली हान्ने व्यक्तिको पहिचान हुन बाँकी रहेको जनाएको छ । सो विषयमा अनुसन्धान भइरहेको पकली इप्रकाका इन्सपेक्टर राम ढकालले बताए । 'हामीले पनि गोली चलेको सुन्यौं' उनले ब्लाष्टसँग भने, 'घटनाबारे अनुसन्धान भइरहेको छ ।'

सशस्त्र प्रहरीको पूर्वी मुख्यालयनजिक भएको सो गोली प्रहारबाट मानवीय क्षति नभएको बताइएको छ । तीनवटा मोटरसाइकलमा आएको ५ जनाको समूहले मोटरसाइकलमै सवार एक व्यक्तिलाई गोली प्रहार गरेको प्रत्यक्षदर्शीले जनाएका छन् । घटना साँझ पौने सात बजेतिर भएको हो ।

## १० हजार वाईसीएललाई माओवादीले रकम दिने

ललितपुर(ब्लाष्ट) एकीकृत नेकपा माओवादीले लडाकुबाट आएका वाईसीएल सदस्यलाई पार्टीकै कोषबाट एकमुष्ट रकम दिने भएको छ ।

लडाकुसरह सेवा-सुविधा र समायोजनको माग गर्दै आन्दोलनमा ओर्लिएका वाईसीएल सदस्यले सुदुरपश्चिममा केन्द्रीय नेताहरुलाई नियन्त्रणमा लिएपछि स्थायी समितिको बैठकले पार्टीको आर्थिक कोषबाट उनीहरुलाई एकमुष्ट रकम दिने निर्णय गरेको हो । तर, कति लडाकूलाई बाईसीएलमा पठाइएको छ र उनीहरुलाई कति रकम दिने भन्नेबारे माओवादीले केही बताएको छैन । माओवादीले संविधानसभाअघि डिभिजन कमाण्डरहितका १० हजारभन्दा बढी लडाकुलाई वाईसीएलमा पठाएको बताइन्छ ।

गत आर्थिक वर्षमा १० करोड रुपैयाँबराबरको आय-व्यय हिसाब निर्वाचन आयोगमा बुझाएको माओवादीसँग भने लडाकुबाटै उठाइएको करिब ८५ करोड रुपैयाँ रहेको लडाकु कमाण्डरहरुले दावी गरेका छन् । यसरी उठाइएको रकम कहाँ र कसरी प्रयोग भयो भनेर वैद्यपक्षीय कमाण्डर र जनसेनाका अधिकांश सदस्यले आवाज उठाउँदै आए पनि नेतृत्वले जवाफ दिएको छैन । सोही रकमको हिसाब माग्ने लडाकुहरुलाई सोमबार राति तेस्रो डिभिजनमा कुटपिटसमेत गरिएको थियो ।

कमाण्डरहरुका अनुसार शान्ति प्रक्रियापछि शिविरमा बसेको करिब ५ वर्षको समयमा माओवादीले हरेक लडाकुबाट मासिक एक-एक हजार रुपैयाँ उठाउँदै आएको छ । यसबीचमा भागेका लडाकुको पूरै रकम पनि कमाण्डरहरुले लिँदै आएका छन् । यो रकम करिब एक अर्बको हाराहारीमा रहेको लडाकुहरुको दावी छ । सोही रकमबाट वाईसीएलमा आएका जनसेनालाई पनि आर्थिक प्याकेज दिने तयारी गरेको बताइएको छ । तर अहिलेसम्म माओवादी अध्यक्षले

बाँकी अन्तिम पृष्ठमा

## दुर्घटनामा चारजनाको मृत्यु

तरहरा(ब्लाष्ट) सुनसरी, सिरहा र झापामा मङ्गलबार भएका छुट्टाछुट्टै सडक दुर्घटनामा चारजनाको मृत्यु भएको छ ।

सुनसरीको खनारमा मङ्गलबार राति भएको सवारी दुर्घटनामा एकजनाको मृत्यु भएको छ । विराटनगरबाट इटहरीतर्फ आउँदै गरेको बा. ६ च ५६३५ नम्बरको कारले ठक्कर दिँदा साइकल चालक खनार-८ का ३५ वर्षीय नरेश चौधरीको घटनास्थलमै मृत्यु भएको खनार प्रहरी चौकीका असई दुर्गा पोमू लिम्बूले जनाए । कारचालक विराटनगरका ४० वर्षीय निरज प्रसाईं र ३४ वर्षीय लता प्रसाईंलाई उपचारका लागि विराटनगर पठाइएको छ ।

यस्तै, सिरहाको कर्जनहामा मङ्गलबार राति नै बा. ७ च ८२३७ नम्बरको कारले ठक्कर दिँदा रामपुर बिर्ता-५ का ६

बाँकी अन्तिम पृष्ठमा

## आक्रमणको अभियोगमा साङ्गेहाङ पक्राउ

उर्लाबारी(ब्लाष्ट) अढाई महिनादेखि फरार राजघाट-७ का साङगेहाङ लिम्बूलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

गत मंसिर १५ गते एमाओवादी भ्रातृ संगठनका कार्यकर्ता बादल लिम्बू र सुवाष तामाङमाथि आक्रमण गरेको आरोप लागेका लिम्बूलाई ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा दर्ता भएअनुरुप कारवाहीका लागि पक्राउ गरेको प्रहरीले जनाएको छ । लिम्बू समर्थकहरुले प्रहरीले एकपक्षीयरुपमा पक्राउ गरेको आरोप लगाएका छन् । राजघाटकै कान्ते लिम्बूले पनि सोही अभियोगको मुद्दा दर्ता हुँदासमेत आरोपितहरुलाई प्रहरीले पक्राउ नगरेको उनीहरुले बताएका छन् । लिम्बू पक्राउ परेलगत्तै नेपाली कांग्रेसले फरार अभियुक्तहरुलाई पक्राउ गर्न दबाब दिएको प्रहरी स्रोतले जनाएको छ । लिम्बू

बाँकी अन्तिम पृष्ठमा

BANKING TRAINNING

Training by Professional Banker. Free handouts & book. Internship.
Shifts: Morning & Evening.
Class starts from 2nd Falgun
...you may be a Banker too...

Limited Seats. Hurry Up!

IELTS test preparation
Experienced & Expert Instructor. Free Book & CDs. Form Registration.

Visit: Paramount Int'l Education
Dharan-9, Putali Line, Tel.:025-528418, 534140

नेपालको पहिलो तथा एकमात्र मान्यता प्राप्त

SLC/+2 फेल ? No चिन्ता !

Maths/Science/Test नदिई SLC, १ वर्षमै +2 (NIOS DELHI BOARD)

➢ English Language & all level tuition classes धमाधम शुरु ➢कक्षा ५, ६, ७, ८, ९ फेल भए पनि SLC दिन पाइने ➢ +2, A level फेल भए तापनि १ वर्षमै +2 पास गर्न सकिने ➢ कुनै ५ विषय पास गरे पुग्ने/पास गर्न सजिलो, TU/KU/PU तथा विश्वभरी मान्यता भएको ➢नेपाली/अंग्रेजी माध्यममा परीक्षा दिन पाइने । ➢ Online पढ्न सकिने ➢ जागिरे तथा गृहिणीले घरमा पढेर परीक्षा दिन सकिने ➢ सरकारी जागिर खान मिल्ने ।

कक्षा सञ्चालन भइरहेको छ । सिट सिमित छ । www.hwhitechouse.edu.np

Himalayan White House Open School
Itahari, Paschim Line, 025-582862, 9842339919 (पशुपति केवलको माथि)
Head Office: KTM, Bagbazzar, 4244499, Pulchowk: 5009200, Chitwan: 530645

UAE मा रोजगारको सुवर्ण अवसर

Dubai मुलुकको एक प्रतिष्ठित WENDY'S FAST FOOD कम्पनीबाट निम्न कामदारहरुको माग भई आएकोले जान इच्छुक व्यक्तिहरुले आफ्नो सक्कल राहदानी १२ प्रति पासपोर्ट साइज र २ प्रति फुल साइजको फोटो तथा अनुभव तालिमका प्रमाणपत्र सहित यथाशिघ्र सम्पर्क राख्नुहोला ।

पूर्व स्वीकृति मिति: २०६८/१०/१२ पत्रसंख्या: ०६८/०६९ चलानी नं. ३७३०

| सि. नं | कामदारको पद | योग्यता | माग संख्या | मासिक तलब DHS | मासिक तलब नेरु | प्रतिदिन काम गर्ने | हप्तामा काम गर्ने | वार्षिक विदा | खाना बस्न | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १<br>२ | Team Member (Male)<br>Cashier (Female) | सम्बन्धित काममा दक्ष | ५०<br>२५ | 1000<br>1000 | 20000<br>20000 | ८ घण्टा | ६ दिन | क.नि.अ. | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि. मेडिकल खर्च सले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने, नदिने | स्वदेशमा लाग्ने बीमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफैंले | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | | जादा कामदारले फर्कदा कम्पनीले | |

- कामदारको न्यूनतम योग्यता सम्बन्धित काममा दक्ष हुनुपर्नेछ ।
- उमेर २२ देखि ३५ वर्षसम्मको हुनुपर्नेछ ।
- प्रत्येक कामदारहरुलाई २ वर्षको आउने जाने टिकट र २ महिनाको अग्रिम तलब कम्पनीले दिनेछ ।
- छनौट भई भिषा प्राप्त गरिसकेको व्यक्तिहरुले उक्त रोजगारमा जान नचाहेमा भिषा वापतको लागेको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ
- विदेश जानु अघि आफु जाने मुलुक, काम गर्ने कम्पनी, पाउने सेवा सुविधा राम्ररी पढेर मात्र हस्ताक्षर गर्नुहोला ।
- आफु विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ ।
- फारम वितरण धमाधम भइरहेको छ ।
- प्रत्येक कामदारलाई अनिवार्य रु ५ लाख को जीवन विमा गराई नेपाल एयरपोर्टवाट नै विदेश पठाइनेछ ।

फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीवाट माघ २९ गते यसै ओभरसिजको कार्यालयमा हुनेछ ।

मोभिरा ओभरसिज सर्भिसेज प्रा.लि.
शाखा कार्यालय इटहरी-१, धरान रोड, (नेपाल बैंकदेखि उत्तर)
फोन: ०२५-५८४२४६, ५८४२२२, ५८७४२२, मो. ९८५२०४८१७०, ९८०७०८३७६९, ९८०७३१८५७०
धरान सम्पर्क: ०२५-५३२९०३, ९८०७३६३२२९

फ्रि! फ्रि! फ्रि!

DP World UAE

पूर्व स्वीकृति मिति : २०६८/१०/१२ पत्रसंख्या: २०६८/०६९ L.T.No. 43803 च.नं.: ३७२३

| सि. नं. | कामदारको पद | माग | तलब DHS | तलब NRs. | ओभर टाइम | न्यूनतम योग्यता | बार्षिक विदा | प्रतिदिन काम | हप्तामा काम | खाना बस्न | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Terminal Truck / Trailer Driver | 50 | 1970 | 42355 | कनिअ | सम्बन्धित काममा दक्ष | ३० दिन | ८ घण्टा | ६ दिन | छ | २ वर्ष |

प्रिअन्तरवार्ता धमाधम भइरहेको छ ।

फाइनल अन्तरवार्ता यहि माघ २६ गते (Feb 9 तारिख) इटहरीमा सम्बन्धित कम्पनीको प्रतिनिधीवाट हुदैछ ।

नोट: Kuwait को एक वहुप्रतिष्ठित कम्पनी Alghanim लाई Electrician, Plumber र Helper Indoor कामको लागि माग भई आएको हुनाले इच्छुक व्यक्तिले यथाशिघ्र सम्पर्क राख्नु होला ।

अल-आसमाक्स कम्पनी प्रा.लि.
काठमाण्डौ, महाराजगंज
इटहरी सम्पर्क: ०२५-५८७२०३, ९८५१०७९५४०, ९८४२०६८३८२, ९८०७०५६९२७

१० दिनमा भिषा दिन सफल

कतार Karwa कम्पनीको Demand मा
नेपाली लाइसेन्स भएका Heavy Bus Driver लाई मासिक तलव रु. ४१,०००/-

Qatar मुलुकको Doha शहरस्थित सरकारी स्वामित्वमा सञ्चालित Transportation (Karwa) कम्पनीबाट नेपाली लाइसेन्स भएका Heavy Bus Driver तथा Light Taxi Driver हरुको माग भई आएकोले जान चाहने इच्छुक व्यक्तिहरूले सक्कल राहदानी, १२ प्रति पासपोर्ट साइजको फोटो तथा आवश्यक कागजात सहित यथाशिघ्र सम्पर्क गर्नुहोला । पूर्व स्वीकृति मिति: २०६८/१०/०५ प.सं ०६८/०६९ चलानी नं. ३५५०

Nepali Lecence Karwa Heavy Bus Driver

| सि. नं. | कामदारको पद | माग | मासिक तलब NRs. | योग्यता | प्रतिदिन काम गर्ने | हप्तामा काम गर्ने | ओटी | खाना बस्न | करार |
|---|---|---|---|---|---|---|---|---|---|
| १<br>२ | Karwa Heavy Bus Driver<br>Light Taxi Driver | १००<br>५० | 41000/-<br>27,000/- | नेपाली लाइसेन्स भएको | ८ घण्टा | ६ दिन | कनिअ | छैन/छ | २ वर्ष |

- उमेरको हकमा २४ देखी ४५ बर्ष सम्म हुनु पर्ने छ । - सामान्य अंग्रेजी लेख्न,बोल्न र पढ्न सक्ने हुनुपर्ने छ ।
- प्रत्येक कामदारलाई अनिबार्य रुपमा रु ५लाखको जीवन बीमा गराइ नेपाल एयरपोर्टबाट नै बिदेश पठाइने छ ।
- छनोट भइ भिषा प्राप्त गरिसकेका ब्यक्तिहरुले उक्त रोजगारमा जान नसकेमा भिषा बापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्ने छ ।
- बिदेश जानु अघि आफु जाने मुलुक काम गर्ने कम्पनी पाउने सेवा सुविधा राम्ररी पढेर मात्र हस्ताक्षर गर्नुहोला ।
- आफु बिदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ ।
-फारम बितरण तथा प्रि(अन्तरवार्ता धमाधम भैरहेको छ ।

फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनीधिबाट यहि माघ २६ र २७ गते (9th & 10th Feb. 2012) बिहीबार र शुक्रबार यसै ओभरसिजको कार्यलय बिर्तामोडमा मात्र हुनेछ ।

प्रयास रि-इम्प्लाइमेन्ट कन्सलटेन्सी प्रा.लि.
कृष्णाहल चौक, बिर्तामोड, झापा
अफिस सम्पर्क: ०२३-५४३६७५, मो. ९८४२६३३२०४, पूर्णिमा सुब्बा, प्रबन्धक: अनिता आङदेम्बे ९८०४९०२२५९, बजार व्यवस्थापक: किरण राई ९८४२७५६६८६, प्रबन्ध निर्देशक: दुर्गादिवी सुब्बा ९८५२६७४८१०, ९८०४९४२३५५, ०१-४७२११५१, ९८५१०६७२१३, ९८५१०८९०४३

## सम्पादकीय............

# सेउतीको सुकुम्बासी समस्या

अन्ततः धरान नगरपालिकाको पूर्वी सिमाना र पाँचकन्या गाविसबीचको सेउती खोलाको बगर ओगटेर बसेका सुकुम्बासी टहराहरू भत्काइएको छ । टहरा भत्काउने क्रममा झडप अवश्यम्भावी भएकाले बगरबाट सुकुम्बासीहरूलाई उठाउन सशस्त्र तथा नेपाल प्रहरीका दुई सयभन्दा बढी जवानहरूलाई परिचालन गरिएको थियो । पूर्व अनुमानअनुसार सुकुम्बासीहरू र प्रहरीबीच झडपको स्थिति पनि सिर्जना भयो । दुबैतर्फ केही घाइते भए र केहीलाई प्रहरीले आफ्नो स्वभावअनुसार पक्राउ गरेर हिरासतमा समेत लिएको छ । तर यो घटनाले एउटा ज्वलन्त प्रश्न खडा गरेको छ, त्यो के हो भने धरानमा किन र कसरी सुकुम्वासीहरू बढिरहेका छन् र राज्य वा त्यसका स्थानीय निकायले उनीहरूप्रति कस्तो नीति अख्तियार गरिरहेको छ ? यो प्रश्नको जवाफ आउनु आवश्यक छ ।

धरान नगर आधुनिक विकासको सोपानमा जति अगाडि बढिरहेको छ, उति यसका वरिपरि सुकुम्वासी वस्तीहरूको सङ्ख्या पनि बढ्दै गएका छन् । यस्तो वस्तुस्थिति जान्दाजान्दै प्रशासन, नगरपालिका र दलहरूले समयमै ध्यान दिएको देखिंदैन । केही दलले त आफ्नो 'भोट-बैंक' का लागि सुकुम्बासीहरूलाई उचाल्ने र गलत तरिकाबाट उक्साउने गरेको कुरा पनि लुकेको छैन । नगरपालिका, प्रशासन तथा दलहले सुकुम्बासीहरूको वास्तविक पहिचान गर्ने मापदण्ड र प्रक्रियाहरू अपनाएको पाइएको छैन । यसमा केन्द्रीय सरकारको नीतिको पनि अभाव देखिन्छ । यो नै सुकुम्वासी समस्याको जड हो ।

एक दशकको माओवादी सशस्त्र द्वन्द्वका क्रममा पूर्वी पहाडी जिल्लाबाट विस्थापित हुनेहरू धरानमा सुकुम्बासी बन्न पुगेका थिए । धरानमा जति पनि नयाँ सुकुम्बासी वस्ती बनेका छन्, ती वस्तीहरू त्यही कालमा बनेकाले पनि यो कुराको पुष्टि हुन्छ । अहिले सशस्त्र द्वन्द्व त छैन तर पनि सुकुम्बासीहरू बढिरहेका छन्, यो पक्कै पनि भूमाफियाहरूको चलखेलको परिणति हो । यो कुरा दलहरू र स्थानीय निकायले समयमै बुझेर त्यसलाई रोक्ने पहल गर्नुपर्ने थियो । स्काभेटरसमेत लगेर खोलाको बगर 'प्लटिङ' गरिंदा नै उनीहरूले नियन्त्रणको पहल गरेनन्, जसले गर्दा अहिले 'धान खाने मुसा, चोट पाउने भ्यागुत्ता' को नियति सुकुम्वासीहरूले भोग्नु परेको छ । लाखौं रूपैयाँ लिए बगर बेच्ने भूमाफियाहरू अहिले पनि कानुनको पञ्जाबाट बाह्र हात टाढा छन् तर वैदेशिक रोजगारबाट कमाएको पैसा फँसाउने तल्लो वर्गका नेपाली जनतालाई उठिबास लगाइएको छ । त्यसैले नगरपालिका, प्रशासन र दलहरू सुकुम्बासी समस्याका विषयमा पारदर्शी भएर अघि बढ्छन् भने अमुक दलको राजनीति गर्ने बगर बेचुवा माफियाहरूलाई समाती कारवाही कडा कारवाही तथा पैसा फँसाएका पीडित सुकुम्बासीहरूलाई न्याय दिएर देखाउन् ।

## बास्केटबलमा सुनसरी प्रथम

धरान(ब्लाष्ट) धरानमा मंगलबार भएको पूर्वाञ्चल क्षेत्रीय बास्केटबल छनौट प्रतियोगितामा सुनसरी प्रथम भएको छ ।

फाइनल खेलमा इलामलाई ६१-४८ स्कोरले हराउँदै सुनसरी प्रथम भएको हो । जीतको लागि सुनसरीले प्रत्येक क्वार्टरमा क्रमशः १८, १७, १३ र १३ स्कोर खेलेको थियो । यता इलामले क्रमशः ७, २१, ८ र १२ स्कोर मात्र गऱ्यो । सुनसरीका कप्तान हेमन्त राईले व्यक्तिगत २२ स्कोर हात पारे । उता इलामका सौरभ श्रेष्ठले १६ स्कोर मात्र प्राप्त गरे ।

प्रतियोगितामा पहिलो र दोस्रो हुने जिल्लाका खेलाडी, प्रशिक्षकहरुलाई खेलाडीहरुलाई सुनसरी जिल्ला खेलकुद विकास समितिका अध्यक्ष नरेन्द्र चोङवाङ, सदस्य दत्त लिम्बू र सुनसरी जिल्ला बास्केटवल संघका अध्यक्ष सुधीर लिम्बूले मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए ।

## धरानमा योग विज्ञान शिविर हुने

विजयपुर(ब्लाष्ट) महिला पतञ्जली योग समितिको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले वृहत् योग विज्ञान शिविर आयोजन गर्ने भएको छ ।

समितिले सोमबार धरानमा पत्रकार सम्मेलन गरी आगामी फागुन ६ गतेदेखि ११ गतेसम्म वृहत् योग विज्ञान शिविर सञ्चालन गर्ने जनाएको हो ।

नेपालका १६ जिल्लाबाट करिब ३ सय जनाको सहभागिता रहने यो शिविर ६ दिनसम्म चल्ने आयोजकले जनाएको छ ।

नेपालभरका केन्द्रीय प्रभारी र अञ्चलभरका प्रभारीहरु समेत रहने आयोजक समितिका अध्यक्ष हेमा ढुङ्गानाले जनाइन् ।

योगीहरुको यौगिक विचार सम्मेलनसँगै सुनसरी जिल्लालाई रोगमुक्त बनाउने उद्देश्यले आयोजना गरिने सो कार्यक्रममा दुई दिन योगसम्बन्धी जानकारीमूलक सम्मेलन रहने र बाँकी दिन योग शिविर सञ्चालन हुने अध्यक्ष ढुङ्गानाले बताइन् ।

कार्यक्रममा हरिद्वारबाट नेपालका लागि मुख्य केन्द्रीय प्रभारी सञ्जय अग्रवालको समेत उपस्थिति रहने भएको छ भने शिविरमा निःशुल्क उपचार सेवा प्रदान गरिने आयोजकले जनाएको छ ।

## लायन्स क्लबद्वारा रिक्सा वितरण

❒ उपेन्द्र चाम्लिङ

धरान / लायन्स क्लब अफ धरान विजयपुरले सोमबार सुनसरीका पाँच विद्यालयलाई हेरिपोर्टर उपन्यास वितरण गरेको छ । क्लबले धरानको डिपो उच्च मावि, चिल्ड्रेन एकेडेमी, युरेका उमावि, इनरुवाको जनक बोर्डिङ र ओम बोडिङलाई पुस्तक वितरण गरेको हो ।

प्रत्येक विद्यालयलाई आठ पुस्तक वितरण गरेको लायन्स क्लबका अध्यक्ष उत्सव कर्माचार्यले बताए । यसैगरी क्लबले इनरुवाका पाँच अपाङ्गलाई व्हीलचेयर वितरण गरेको थियो । व्हिल चेयर पाउनेहरुमा इनरुवाका भाष्कर अधिकारी, पुष्कर अधिकारी, सुमित्रा अधिकारी, ठकनी गुरुङ र भादगाउँ सिनवारीका लक्ष्मी नेपाल छन् ।

क्लबले आर्थिक अवस्था कमजोर भएका दुईजनालाई रिक्सा वितरण गरेको छ । रिक्सा पाउनेहरुमा इनरुवा-३ का सीताराम चौधरी र रामप्रसाद सदा छन् । कर्माचार्यका अनुसार आर्थिक अवस्था कमजोर भएकी मिठु कटुवाललाई नापतौल मेसिन प्रदान गरिएको थियो । सो अवसरमा क्लबले ३० पिण्ट रक्तदान गरेको थियो । वितरण समारोहमा लाइनेस अध्यक्ष मुना पलिखे, डिस्टिक चेयरपर्सन जगतबहादुर गुरुङ, संस्थापक अध्यक्ष गौरीशंकर अग्रवाल, पूर्व अध्यक्षद्वय युगलकुमार श्रेष्ठ, रामहरि हाडालगायतका लाइनेसहरुको उपस्थिति थियो । कार्यक्रम सञ्चालन संयोजक धीरज गुरुङले गरेका थिए ।



बलदीप प्रभाश्वर चामलिङ

# सम्बन्ध विस्तारमा चिनीयाँ शैली

सन् १७९३ मा बेलायतका राजा जर्ज तृतीयले आफ्नो व्यापार विस्तारको लागि प्रस्ताव राख्दा तत्कालीन चिनीयाँ सम्राट छियन लोङले यसरी जवाफ दिएका थिए, 'आफ्नै देशमा सबै वस्तु उपलब्ध भएका कारण जंगलीहरुको मुलुकमा उत्पादन भएको वस्तु चीनले खरिद गर्दैन ।' हुन पनि अहिलेको चिनीयाँ पिँढीले पुर्खाको साख राखेर्भै विदेशबाट सामान आयात नगरी बरु विश्वलाई चिनीयाँ सामान निर्यात गरिरहेको छ । सामान अमेरिका वा बेलायतमा किनिए पनि 'मेड इन चाइना' भन्ने ट्याग भेटिन्छ ।

चीनले झण्डै बीसौं शताब्दीको पूर्वार्द्धसम्म कुनै विदेशी मुलुक नचाहिनेर्भै गरेको थियो । 'अफिम युद्ध' (सन् १८४०-४२) हुनुअघि विदेशी प्रतिनिधि मण्डलहरुलाई चीनले अपमान गरेको थियो । बेलायती प्रतिनिधि मण्डलका प्रमुखलाई आफ्ना सम्राटसामु 'खाउटाउ' ( तीनचोटी राजाको अगाडि घुँडा टेक्नुपर्ने र नौचोटी पसारिएर ढोग गर्नुपर्ने) गर्नु नै पर्ने अडान राख्यो तर बेलायतीले यसो गरेनन् । त्यसपछि, चिनीयाँ सम्राटको लागि लगेको कोसेली फिर्ता लिएर बेलायती फर्किएका थिए । यस्तो बखेडा झिकेर विदेशीहरुबाट टाढै रहने मुलुक चीनमा अहिले परिस्थिति बदलिएको छ । अहिले उसलाई सम्बन्ध विस्तारको नाममा हरेक मुलुक चाहिएको छ । त्यसो हुनुमा उसको व्यापारनीति र घरेलु राजनीतिक परिस्थितिले नै निर्धारक भूमिका खेलेको छ ।

चीनलाई बाहिरी वस्तुको आवश्यकता नपरे पनि चीनको नयाँ पुस्तालाई बाहिरी आस्थाको खाँचो महसुस हुँदै गइरहेको आभाष हुन्छ । वस्तु निर्यातसँगै चीनले आस्था आयातलाई पनि उपेक्षा गर्न मिल्दैन । प्रजातान्त्रिक आस्था र मानवअधिकारजस्ता विषय बेइजिङ पुग्न नपाऊन् भन्ने ध्येयले छिमेकी मुलुकहरुसँग उसको सम्बन्ध निर्धारण हुँदै आएको छ । तिब्बत स्वतन्त्रताको एक नाकाको रुपमा चीनले नेपाललाई लिएको छ र त्यहीअनुसारको नेपालसँगको सम्बन्ध कायम हुँदै आएको छ ।

नेपाल-चीन सम्बन्धको इतिहासमा ने.स. ५३५(वि.स.१४७२) मा चीनका तायी मिंगवंशी सम्राटले नेपालको पालान्चोक भेगका सामन्त शासक शक्ति सिहरामसँग सम्बन्ध विस्तार गरेका थिए । यता, नेपाल उपत्यकामा ज्योतिर्मल्ल गद्दीमा थिए । नेपाल उपत्यकामा राजा हुँदाहुँदै किन उपत्यकाबाहिरका सामन्तसँग सम्बन्ध कायम गरे त ? यसको कारण त इतिहासमा प्रष्ट छैन तर तथ्य कुरा चाहिँ के थियो भने उपत्यकाका राजाहरुभन्दा ती पालान्चोक भेगका सामन्त शक्तिशाली थिए । शक्तिशाली घटकसँग सम्बन्ध कायम गर्नु फायदाजनक हुने देखेर यसो गरेको हुनुपर्छ ।

अहिलेको चीनले पनि ठ्याक्कै त्यही नीति लिएको देखिन्छ । जुन शक्ति सत्तामा रहन्छ, उसैसँग उसले सम्बन्ध कायम गर्न चाहन्छ । सत्तानजिकको दाबेदारसँग उसले हिमचिम बढाउन खोज्दछ । हिजो जनयुद्धताका ज्ञानेन्द्रलाई माओवादी दबाउन हतियार दिने सैद्धान्तिक सहमति गर्ने चीन अहिले माओवादी सरकारमा हुँदा उसैसँगको सम्बन्धलाई महत्व दिँदैछ । नेपाली भूमिमा तिब्बत स्वतन्त्रताको पक्षमा हुने जुनसुकै गतिविधिलाई दबाउन सक्ने नेपालका राजनीतिक घटकहरुसँग चीनले हात लम्काउन चाहन्छ । नेपालमा एउटा बलियो र स्थिर शक्ति उसको लागि आवश्यक छ । जोसुकै सरकारमा जान्छ, उसलाई सहर्ष मान्यता दिने कुटनैतिक मापदण्ड चीनले पहिलेदेखि नै अपनाउँदै आएको छ । यसो गर्नुमा नेपालका कुनै पनि घटकलाई नबिच्काउनु हो । यदि नेपालमा चीनको एकनासको व्यवहार नदेखिने हो भने नेपालका विभिन्न शक्तिले तिब्बत स्वतन्त्रताको लागि चीनविरोधी गतिविधिलाई ठाउँ दिनसक्छ भन्ने कुरा चीनले बुझ्दै आएको छ ।

तिब्बतको ऐतिहासिक आधारहरु नभएको पनि होइन । प्राचीन पौराणिक कथ्यहरु छाडेर छैठौं तथा सातौं शताब्दीताका तिब्बत एक शक्तिशाली राज्य थियो । त्यस बेला तिब्बत यति शक्तिशाली थियो कि नेपाल र बेइजिङबीच एक-अर्काका दूतहरु आवतजावत हुने मार्ग नै बन्द गरिदिएको थियो तर पछि १३ औं शताब्दीको उत्तरार्द्धतिर मंगोलियन नेता चंगेज खाँको साम्राज्य विस्तार अभियानमा तिब्बत चीनमा गाभिन पुग्यो । यो काललाई युवान वंशी (सन्१२६०-१३६८) भनिन्छ । यसै समयदेखि तिब्बतमा दलाई लामाको पद सुरुआत भएको हो । साँस्कृतिक अधिकार दलाई लामाहरुले सम्हाल्दै आए पनि राजनीतिक र प्रशासनिक अधिकार चाहिँ दिइएको थिएन । पछि सन् १९११ मा चीनमा गणतन्त्र स्थापना भएपछि छिङवंशी सेना तिब्बतबाट फिर्ता भयो । त्यहाँका तत्कालीन दलाई लामाले तिब्बत स्वतन्त्र राज्य भएको घोषणा गरे । उता, चीनले तिब्बतलाई चीनकै एक स्वशासित भू-भाग हो भनेर मान्दै आयो । सन्१९१४ मा सिम्लामा चीन, तिब्बत र बेलायतका प्रतिनिधिहरुको बैठक बसेको थियो । सो बैठकले तिब्बतलाई बाहिरी र भित्री तिब्बत भनेर विभाजन गरिदियो । बाहिरी तिब्बतलाई चाहिँ चीनले स्वशासन दिने उल्लेख गरियो । त्यस बेला चीनमा कोमिन्ताङ सरकार थियो । सन्१९३३ देखि ३९ सम्म कोमिन्ताङ सरकारले नै तिब्बतको घरेलु र वैदेशिक मामिला हेर्ने प्रयास गऱ्यो तर उता चीनमा गृहयुद्ध चर्कंदै गइरहेको थियो भने यता चिनीयाँ सरकारले तिब्बत मामिलामा ध्यान दिन सकिरहेको थिएन । तिब्बतको हैसियत के हुने भन्ने कुरा यसै कारणले अन्यौल नै थियो । दोस्रो विश्वयुद्धपछि त झन् चीनले तिब्बतमाथि नियन्त्रण राख्न सकिरहेको थिएन । अन्ततः गृहयुद्धमा कम्युनिष्ट पार्टीले विजय प्राप्त गऱ्यो । त्यसपछि जनवरी १, १९५० मा जनवादी गणतन्त्र चीनको सरकारले जनसेनाको अबको मुख्य काम तिब्बतलाई मुक्त गर्नुहुनेछ भनेर घोषणा गऱ्यो । त्यसपछि चिनीयाँ प्रशासनका गतिविधि तिब्बतमाथि बढ्न थाल्यो ।

दलाई लामाले तिब्बतको स्वतन्त्रताको हैसियतलाई संयुक्त राष्ट्रसंघसमक्ष उठाउने असफल प्रयास गर्दै आए । सन् १९५१, मे २३ मा तिब्बत र चीनबीच एउटा सम्झौता भयो, जसअनुसार तिब्बतले स्वायत्तताको हैसियत प्राप्त गर्ने, तिब्बतको बाहय सम्बन्ध चीनले हेर्ने, अर्थपूर्ण प्रतिरक्षाको लागि लालसेना तिब्बतमा राख्ने, तिब्बती सेनाको पुनर्गठन गर्दै चिनीयाँ सेनामा उनीहरुलाई मिलान गर्ने, दलाई लामालाई पूर्ण सम्मान गर्ने, तिब्बतमा पूर्ण धार्मिक स्वतन्त्रता हुने, चीनले तिब्बतको विकासको लागि सहकार्य गर्ने र चिनीयाँ प्रशासनिक निकाय तिब्बतमा स्थापना गर्ने भन्ने सहमति कायम गराइयो तर तिब्बतीहरुले यसलाई स्वीकार्न सकेनन् । उनीहरुले यसलाई तिब्बतलाई चीनमा गाभ्ने षड्यन्त्र हो भन्न थाले । तिब्बतीहरुले चिनीयाँ दमन र धार्मिक हस्तक्षेपविरुद्ध विद्रोह गर्न थाले । चिनीयाँ पक्षले तिब्बतमा सामन्ती प्रणालीविरुद्ध चालिएको भूमिसुधार कार्यक्रमलाई तिब्बतीहरुले असहयोग गरेको भनेर आरोप लगायो तर तिब्बतीहरुले यसलाई ठाडै अस्वीकार गरे । तिब्बती स्वतन्त्रतालाई हरण गर्न चिनीयाँ सेना तिब्बतमा रहेको भनेर तिब्बतीहरुले भन्दै आए । खम्पा विद्रोह सन् १९५६ मा सुरु भयो । अमेरिका, च्याङकाइ सेक र अन्य विदेशी प्रतिक्रियावादीको उक्साहटमा तिब्बतले अशान्ति मच्चाउँदै आएको छ भनेर चीनले आरोप लगाउँदै आयो । विद्रोह बढ्दै गयो । सन् १९५९ मा तिब्बतमा दंगा भयो । दलाई लामा आफ्ना सहयोगीका साथ भारतको धर्मशालामा राजनीतिक शरण लिएर बस्दै आएका छन् ।

सन्१९५५ मा चीनकै पहलमा नेपाल-चीन सम्बन्धको आधुनिक अध्ययन सुरु भएपछि सन्१९५७ मा चीनका प्रधानमन्त्री चाउ एन लाईको नेपाल भ्रमणको बेला 'चिनीयाँ जनता र नेपाली जनता एउटै रगतका हुन्' भनेर नेपाल-चीन सम्बन्धमा 'डिप्लोमेटिक मसाज' गर्ने चीन अहिले तोकिएको भ्रमण मिति सार्दै आकस्मिक र छोटो भ्रमण गरेर कुटनैतिक खेल खेलिरहेको छ । हिँड्दै जाँदा 'निस्किएर जाऊँ न त हैं' भनेजस्तो वेन जियाबाओ काठमाडौंमा ओर्लिए । उनको भ्रमणको प्राथमिकताको थलो खाडी मुलुक हो भन्ने भान दिएर गए । निर्धारित समयमा एउटै देशको भ्रमण सिध्याएर आफ्नै देश फर्कनु र कुनै मुलुकबाट पारवहन हुँदै अरु नै देशको भ्रमणमा निस्कनुमा तात्विक भिन्नता हुन्छ ।

चीनविरोधी गतिविधि नेपालमा पहिलेको तुलनामा बढ्दै जानु र तिब्बती भिक्षुहरुले नेपालमा आत्मदाह गर्ने प्रयास गर्नुले वेनको भ्रमण अवधिमा खराब प्रदर्शन भयो भने त्यसले चीनको छविमा केही असर पर्ला भन्ने सोँच चीनले राख्दै आएको छ । त्यसमा पनि चीनका सरकार प्रमुखलाई भ्रमण गराउनु नेपाल सरकारको साखको विषय पनि हुन्छ भन्ने कुरा चीनले राम्ररी बुझेको छ ।

विदेशी ठूला देशका सरकार प्रमुखलाई नेपालमा भ्रमण गराएर घरेलु राजनीतिमा धमास पिट्ने मानसिकतालाई योपटक चीनले भजाउन खोजेकै हो । यदि चिनीयाँ सरकार प्रमुखहरुलाई नेपालमा ल्याउने हो भने चीनविरोधी गतिविधिमा अझ कडा प्रतिबन्ध हुनुपर्छ भन्ने भान नेपाली पक्षमा सिर्जना गराउने ध्येयले पूर्वनिर्धारित भ्रमण रद्द गरेर नेपाली लघुताभाषी मनोविज्ञानको सौदाबाजी गरे र पुनः आकस्मिक भ्रमण गरेर सिर्जित हुनसक्ने नेपाल पक्षको नैराश्यतामा भारतीय पक्षले भजाउन सक्ला भन्ने चिन्तनका साथ 'अवरोध र सन्तुलन' को नीति कायम गरे । 'हामीभन्दा पनि भारतसँग नेपालको सम्बन्ध अझ गहिरो र सुमधुर होस्' भनेर नेपाली अधिकारीहरुलाई चिनीयाँ पक्षले सल्लाह दिनुपछाडिको कुटनैतिक अर्थ के हो भने नेपाल-चीन सम्बन्धमा कुनै पनि अवस्था प्रतिकूल बन्न सक्दैन, बरु त्यो सम्बन्धमा कुनै असहज अवस्था सिर्जना भए भारतीय पक्षबाटै हुन्छ । अन्ततः चीनले भारतलाई पनि कुटनैतिक क्षेप्यास्त्र प्रहार गरेर गयो ।

## गोल्डकपको उपाधी आयोजककै कब्जामा



फत्तेपुर(ब्लाष्ट) यहाँ जारी पाँचौं बेलका-देउराली गोल्डकप फूटबल प्रतियोगिताको उपाधी आयोजक फत्तेपुरको न्यू त्रियुगा स्पोर्टर्स क्लबले कब्जा जमाएको छ । निकै बलियो मानिएको झापाको एपीएफ क्लबलाई १-० गोलको अन्तरले पराजित गरी आयोजकले सोमबार भएको फाइनल खेलमा उपाधीमाथि कब्जा जमाएको हो ।

घरेलु मैदानमा उत्साहपूर्वक उत्रिएको आयोजकले खेल सुरु भएको २० औं मिनेटमा जर्सी नं. ९ का सुवर्ण लिम्बूले गरेको एक गोल नै निर्णायक बन्यो । गोलपछि हौसिएका आयोजक टिमका खेलाडीले आधा दर्जनभन्दा बढी पटक पोलमा प्रहार गरे पनि झापाका गोलरक्षक विकल बस्नेतले बचाएपछि थप गोल हुन सकेन । आयोजक समितिका संयोजक सुदास राईको अध्यक्षतामा र भूमिसुधार मन्त्रीका स्वकीय सचिव ध्रुव कार्कीको प्रमुख आतिथ्यमा भएको समापन समारोहमा विजेता टिमलाई नगद ५० हजार, शिल्ड, प्रमाणपत्र, मेडल र पुरस्कार प्रदान गरिएको क्लबका अध्यक्ष अमर खवासले बताए ।

यसैगरी खेल अवधिमा उत्कृष्ट खेल प्रदर्शन गरेका आयोजकका टङ्क लामा उत्कृष्ट खेलाडी घोषित भए । उत्कृष्ट गोलरक्षक आयोजककै लक्की कार्की र एपीएफका गोलरक्षक विकल बस्नेत म्यान अफ द म्याच घोषित भए ।


## तुखेवा ईङ्ग:खङ्ग
## हार्दिक निमन्त्रणा

जन्मः
वि.सं. १९८८/४/१३
साँघु-६
ताप्लेजुङ्ग



स्व. लालबहादुर लिम्बू (पाङ्मा)
QSGT No. 21132931

स्वर्गारोहणः
वि.सं. २०६८/१०/१५
धरान-१९, आनन्दमार्ग
सुनसरी

मेरो श्रीमान् तथा हाम्रो पुज्जनीय पिता लालबहादुर पाङ्मा (लिम्बू) जिल्ला ताप्लेजुङ्ग मैवा खोला साँघु गा.वि.स. वार्ड नं. ६ मा वि.सं. १९८८ साल श्रावण १३ गते जन्म भई हाल जिल्ला सुनसरी धरान नगरपालिका वार्ड नं. १९ आनन्द मार्गको निज निवासमा वि.सं. २०६८ साल माघ १५ गते ८० वर्षको वृद्ध उमेरमा असामयिक निधन भएको हुँदा वहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै दश लिम्बुवान, सत्र थुमको संस्कार अनुसार शुद्धि कार्य गरिने भएको हुँदा सम्पूर्ण कुल कुटुम्ब, नातागोता, इष्टमित्र, भाना भाञ्जा, मलामिजन, मावलीजन, छरछिमेकीहरुलाई निमन्त्रणा पत्र पठाइसकेका छौं । कारणवस उक्त निमन्त्रणापत्र नपाएमा यसैलाई निमन्त्रणा मानि उपस्थित भइदिनुहुनको लागि अनुरोध गर्दछौं ।

### शोकाकुल परिवार

श्रीमती स्व. मनमाया पाङ्मा (थक्लुङ्ग)
श्रीमती जितमाया पाङ्मा (थेगिम)

**छोरा/बुहारी**
अमर लिम्बू (पाङ्मा)/गंगा नियोङ (लिम्बू)
चन्द्र लिम्बू (पाङ्मा)/लक्ष्मीशोभा फागो चोङ्बाङ्ग (लिम्बू)
पिकेश लिम्बू (पाङ्मा)/निर्मला नाल्बो (लिम्बू)
तुलचन्द्र लिम्बू (पाङ्मा)/विमला लिवाङ्ग (लिम्बू)

**छोरी/ज्वाँई**
गौमती लिम्बू (पाङ्मा)/विक्रम यक्सो (लिम्बू)

**नाति/नातिनीहरू**
बिमला, विनोद पाङ्मा (लिम्बू)/उमा लिम्बू (नातिनीबुहारी)
अशेष, भावना, मिषेक

### एवम् समस्त पाङ्मा (लिम्बू) परिवार

**शुद्धि कार्यक्रम**
सामेलाः २०६८ साल माघ २८ गते शनिबार
शुद्धि कार्यः २०६८ साल माघ २९ गते आइतबार
समयः ११ बजेदेखि
स्थानः निज निवास, धरान-१९/१४ आनन्दमार्ग चौकीबारी
सम्पर्क नं. ०२५-५२१५१७
नोटः कृपया चौपाया निषेध गरिएको छ ।


## मुगामा पुस्तकालय बन्ने

धनकुटा(ब्लाष्ट) जिल्लाको मुगा-३ का तत्कालीन जिमीदार प्रथाका मझिया स्व. भक्तशेर देवान तथा स्व. श्रीमती कमला देवानको नाममा पुस्तकालय निर्माण हुने भएको छ ।

भक्तशेर-कमलाका छोराहरु देवेन्द्र देवान, खगेन्द्र देवान, भूपेन्द्र देवानले धरान-४ निवासी विद्वान तथा प्राज्ञिक व्यक्तित्व स्व. राजेन्द्रबहादुर थापाबाट प्राप्त जग्गामा स्व. भक्तशेर देवान स्मृति पुस्तकालय निर्माण गर्ने भएका हुन् । पुस्तकालय भवन ३ कोठे हुने बताइएको छ । पुस्तकालय सञ्चालनका लागि ११ सदस्यीय कार्य समिति गठन भइ विधान दर्तासमेत गरिएको छ ।

मृतकहरुको स्मृतिमा फलैंचा, पाटीपौवा, मठमन्दिर, दान दक्षिणाभन्दा ज्ञानको भण्डार बढाउने कार्य गर्नु श्रेयस्कर लागेकोले पुस्तकालय बनाउन लागिएको संस्थापक अध्यक्ष भूपेन्द्र देवान तथा उपाध्यक्ष मुगा गाविसका निवर्तमान अध्यक्ष वृषबहादुर राईले बताए । पुस्तकालयलाई मुगालगायत गाविस वरपरका शिक्षा क्षेत्रमा संलग्न तथा नजिकैको श्रीराम उच्च माविका विद्यार्थी, शिक्षक, महिला, बालबालिका, बूढापाका, गाउँका पुस्तकप्रेमी, कवि साहित्यकार, कलाकार, स्वतन्त्र अनुसन्धानकर्ता, विद्यावारिधी गर्ने, एमफील र स्नात्तकोत्तर तहको थेसिस तयार गर्नेहरुका लागि लाभदायक अनौपचारिक शैक्षिक केन्द्रका रुपमा विकास गर्ने लक्ष्य रहेको बताइएको छ ।


## FREE VISA ! FREE TICKET !!

Kuwait तथा Dubai मुलुकमा अवस्थित एक प्रतिष्ठित बहुराष्ट्रिय कम्पनीवाट नेपाली कामदारहरुको माग भई आएकोले इच्छुक व्यक्तिले सक्कल राहदानी, १२ प्रति रंगिन पासपोर्ट साइजको फोटो र शैक्षिक तथा अनुभवका प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नुहोला ।

**KUWAIT** पूर्व स्वीकृति मिति : २०६८/१०/१९ पत्रसंख्या: २०६८/०६९ L.T.No. 43990 च.नं.: ३९६०

| सि.नं. | कामदारको पद | माग म/पु | तलब KD | तलब NRs. | योग्यता | ओभर टाइम | बार्षिक बिदा | प्रतिदिन काम | हप्तामा काम | खाना | बस्न | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Sales Associates (F) | 30 | 230 | 70000 | काममा दक्ष | कम्पनीको नियम अनुसार | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | छैन | छ | २ वर्ष |
| २ | Sales Associates (M) | 30 | 230 | 70000 | | | | | | | | |
| ३ | Warehouse Helper | 140 | 150 | 45000 | | | | | | | | |

**DUBAI** पूर्व स्वीकृति मिति : २०६८/१०/१२ पत्रसंख्या: २०६८/०६९ L.T.No. 43895 च.नं.: ३८१९

| सि.नं. | कामदारको पद | माग पुरुष | तलब AED | तलब NRs. | योग्यता | ओभर टाइम | बार्षिक बिदा | प्रतिदिन काम | हप्तामा काम | खाना | बस्न | करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Warehouse Helper | 175 | 1750 | 38500 | काममा दक्ष | कम्पनीको नियम अनुसार | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | छैन | छ | २ वर्ष |

प्रिअन्तरवार्ता माघ २२ देखि २७ गते तदनुसार Feb 5 to 10 , 2012 सम्म हुनेछ ।
फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीवाट फागुन २ देखि ३ गते हुनेछ ।
१) प्रिअन्तरवार्तामा सामेल नभएका उम्मेदवारलाई फाइनल अन्तरवार्तामा समावेश गराइने छैन ।
२) अन्तरवार्तामा आउदा फोटो, शैक्षिक तथा अनुभवका प्रमाणपत्रहरु अनिवार्य साथमा ल्याउनु पर्नेछ ।

### रेन्बो ओभरसिज प्रा.लि.

इटहरी-१, पश्चिम लाईन वसपार्क जाने मोडमा कृषि विकास वैकको अपोजिट साइडमा
फोन: ०२५-५८४८३६, ५८०२४१, ९८५२०४९२१५, ९८४२४३१०१७, ९८५२०४८४७५, ९८१४३०७८३३

## British Management Company मा रोजगारको अवसर

पूर्व स्वीकृत : २०६८/१०/१९ पत्र संख्या :०६८/०६९ च.नं. २८८०

दुबई मुलुकमा सञ्चालित दुबईकै चर्चित British Management Company बाट खान बस्न सुविधासहित आकर्षक सेलरीका साथ निम्न पदहरुमा नेपाली कामदारको माग भई आएको हुनाले इच्छुकले माघ २५ गते विहान ९ बजेसम्ममा सक्कल राहदानी र ८ प्रति पासपोर्ट साइजको फोटो, बायोडाटा, एसएलसी पासको मार्कसिट तथा भएमा अनुवका प्रमाणपत्रसहित यस कार्यालयमा सम्पर्क गर्नुहोला ।

| पद | संख्या | मासिक तलब | खान/बस्न | काम गर्ने समय | ओटी | करार |
|---|---|---|---|---|---|---|
| सेक्युरिटी गार्ड | 75 | 1000+Ot | छ/छ | ११ घण्टा २६ दिन | कम्पनीको नियम अनुसार | २ वर्ष |
| क्लिनर | 75 | 800+Ot | | ८ घण्टा २६ दिन | | |
| कष्टमर सर्भिस | 50 | 1100+Ot | | ८ घण्टा २६ दिन | | |

कम्पनीले खान बस्न लगायत दैनिक उपभोग्य वस्तु, बिमा, जाने आउने टिकट लगायत सम्पूर्ण सुविधा प्रदान गर्ने छ ।
एसएलसी पास, बायोडाटा तथा अनुभवका प्रमाणपत्रहरु अनिवार्य चाहिने छ ।

**यसको फाइनल अन्तरवार्ता यही माघ २५ गते यसै कार्यालयमा हुनेछ**

पूर्व स्वीकृत : २०६८/१०/१३ पत्र संख्या :०६८/०६९ च.नं. २८८०

कतार मुलुकको एक प्रतिष्ठित Drake & Scull International Qatar L.L.C. बाट खान बस्न सुविधासहित आकर्षक सेलरीका साथ निम्न पदहरुमा नेपाली कामदारको माग भई आएको हुनाले इच्छुकले माघ २६ गते विहान ९ बजेसम्ममा सक्कल राहदानी र ८ प्रति पासपोर्ट साइजको फोटो, तथा भएमा अनुवका प्रमाणपत्रसहित यस कार्यालयमा सम्पर्क गर्नुहोला ।

| पद | संख्या | मासिक तलब | खान/बस्न | काम गर्ने समय | ओटी | करार |
|---|---|---|---|---|---|---|
| प्लम्बर | 45 | 1000-1100+Food | छ/छ | ८ घण्टा २६ दिन | २ घण्टा बढी अनिवार्य | २ वर्ष |
| इलेक्ट्रिसियन | 55 | 1000-1100+Food | | ८ घण्टा २६ दिन | | |
| पाइपफिटर | 35 | 1000-1100+Food | | ८ घण्टा २६ दिन | | |
| डक्ट फेब्रिकेटर | 40 | 1000-1100+Food | | ८ घण्टा २६ दिन | | |

कम्पनीले खान बस्न लगायत दैनिक उपभोग्य वस्तु, बिमा, जाने आउने टिकट लगायत सम्पूर्ण सुविधा प्रदान गर्ने छ ।

**यसको फाइनल अन्तरवार्ता यही माघ २६ गते यसै कार्यालयमा हुनेछ**

### अञ्जली ओभरसिज प्रा.लि.

शाखा कार्यालय अतिथि सदन छेउ, बिर्तामोड, झापा
सेक्युरिटी सम्बन्धी जाकारीका लागि फोन - ०२३-५४१९५५/५४३०७६
राजन ढुंगेल -९८४२७५५२७०
विस्तृत जानकारीका लागि
विष्णु प्रसाई-९८४२७८७७८९
इटहरी शाखा सम्पर्क : ०२५-५८५३४९ (विष्णु ढकाल -९८४२०५६८८७ /९८०८६७०५३३

